# निर्वाचन अधिकृतको कार्यालय

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नवौं परिषदको निर्वाचन २०७८

मिति : २०७८/०४/१४

**प्रेष विज्ञप्ति**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नवौं परिषदको निर्वाचन कार्यक्रम २०७८ भाद्र १८ गते हुने गरी निर्वाचन कार्य प्रक्रिया शुरु भएको व्यहोरा सम्बन्धित सबैमा विदितै छ । निर्वाचन कार्यक्रमलाई व्यवस्थित बनाउन निर्वाचन कार्यविधि २०७७ जारी गरिएको व्यहोरा अनुरोध छ । निर्वाचनलाई स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट सम्पन्न गर्नु गराउनु हामी सबैको कर्तव्य हो । निर्वाचन प्रक्रियालाई व्यवस्थित गर्न निर्वाचन आचार सहिंता २०७७ समेत जारी गरिएको छ । उक्त निर्वाचन आचार सहिंता सबै उम्मेदवारहरुले पालना गर्नुपर्ने सम्बन्धमा पुन: स्मरण गराईएको छ । निर्वाचन प्रक्रिया अन्तर्गत बिदेश तथा उपत्यका बाहिर रहेका मतदाताहरुलाई सम्बन्धित ठेगानामा मतपत्र पठाईसकिएको छ । जिल्ला स्थित मतदाताहरुको आधिकारिक सहभागीताका लागि र मतपत्र सहज उपलब्धताका लागि निर्वाचन अधिकृतको कार्यालय र गोश्वरा हुलाक कार्यालयबीच एक समझदारी पत्रमा हस्ताक्षर गरी सम्बन्धित मतदाताको सदस्यतापत्र वा निजको परिचय खुल्ने अन्य परिचयपत्रको आधारमा सम्बन्धित मतदातालाई मात्र मतपत्र उपलब्ध गराउने व्यवस्था गरिएको छ । निर्वाचनमा अधिक सहभागीता गराउन तथा मतदातालाई सहज वातावरणमा मतपत्र प्राप्त गर्ने, गोप्य मतदान गर्ने र हुलाक मार्फत सहज रुपमा मतदान भएको मतपत्र फिर्ता हुने कार्यमा सबैको सहयोग हुन अनुरोध गरिएको छ ।

त्यस्तै, निर्वाचन प्रचार प्रसारको क्रममा केहि उम्मेदवारले राजनैतिक दलको झण्डा, राजनैतिक नेताको फोटो सहित मत दिन आव्हान गरेको, केहि उम्मेदवारले कुनै एक संस्थाको आधिकारिक उम्मेदवार भएकोले मत दिन आव्हान गरेको सन्देश सहितको सूचना सामाजिक सञ्जालमा देखिएको सन्दर्भमा निर्वाचन अधिकृतको कार्यालयको ध्यानाकर्षण भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था एक Professional Body भएको कारण यसमा कुनै राजनैतिक संलग्नता नभएको तथा निर्वाचन अधिकृतको कार्यालयमा कायम रहेका सबै उम्मेदवारहरु निर्वाचन प्रयोजनका लागि आधिकारिक उम्मेदवार भएको व्यहोरा जानकारी गराउँदै निर्वाचन आचार सहिंता विपरीत हुने क्रियाकलाप तथा सूचना सम्प्रेषण नगर्नु हुन सबै उम्मेदवारहरुमा अनुरोध गरिएको छ । धन्यवाद ।

समिता डंगोल
सहायक निर्वाचन अधिकृत

निर्वाचन अधिकृतको कार्यालय